डि.स.का.भ.पु.द.नं.: २२/०५१/०५२
नेफ्स्कून द.नं.:१२७/०५२/०५३
प्यान नं.: ३०१३७२३९४

उपकार बचत तथा ऋण सहकारी संस्था लि. द्वारा प्रकाशित

**सहकारी सन्देश**

नेफ्स्कून

"मेरो उपकार, सपना साकार"

**उपकार बचत तथा ऋण सहकारी संस्था लि.**
Upakar Savings & Credit Co-operative Society Ltd.

२०७४ श्रावण | बर्ष ८ | अंक १३ | पृष्ठ ४

# २३ औं स्थापना दिवस कार्यक्रम

२०७३ चैत्र १२। उपकार बचत तथा ऋण सहकारी संस्था लि.को २३ औं स्थापना दिवस कार्यक्रम नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष श्री डि. वि. बस्नेतज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुदै प्रमुख अतिथि नेफ्स्कुन अध्यक्ष श्री डि.बि. बस्नेतज्यूले प्रस्तावित सहकारी ऐन र सो सम्बन्धमा नेफ्स्कूनको धारणा प्रस्तुत गर्नुहुदै नेफ्स्कूनले सहकारी संस्थामा गुणस्तरियता कायम गर्ने अभियान सञ्चालन गरेको विचार व्यक्त गर्नु भयो। सोही अवसरमा आफ्नो मन्तव्य राख्नु हुदै संस्थाका संस्थापक अध्यक्ष एवं निर्वतमान अध्यक्ष श्री कृष्ण बहादुर घजूले संस्थाको स्थापना समयको संस्मरण गर्नुहुदै संस्थाको संस्थागत विकासमा विशेष ध्यान



केन्द्रीत गर्दै आएको र यसलाई निरन्तरता दिनु पर्ने विचार व्यक्त गर्नु भयो।

स्थापना दिवसको अवसरमा भएको कार्यक्रममा प्रमुख अतिथि नेफ्स्कूनका अध्यक्ष श्री डि.बी. बस्नेतज्यूबाट उच्च माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट अङ्क प्राप्त गर्ने छात्र श्री जिपि कालु (सदस्य श्री जगत कृष्ण कालुको छोरा) र छात्रा सुश्री प्रनिशा बस्नेत (सदस्य श्री नारायण देवी प्रजापतिकी छोरी) लाई "उपकार उच्च शिक्षा पदक" तथा प्रमाण पत्र

बाँकी पृष्ठ ६ मा

## सदस्य बन्ने सुबर्ण अवसर




गत २२ औं बार्षिक साधरण सभाबाट पारित कार्यक्रम अनुसार संस्थाका सदस्यहरुले आफ्ना ईष्टमित्र, साथीभाईलाई सदस्य बनाउनु भएमा विशेष स्वागतका साथ सदस्यता शुल्क र संस्था विकास कोष बापतको शुल्क छुट प्रदान गरेको छ। संस्थाका एक जना सदस्यले आफ्ना एक जना साथीलाई सदस्य बनाउदा उक्त छुट सुविधा प्रदान गरिनेछ।

# दलित जागरण कार्यक्रम

२०७४ असार १०। यस संस्थाको दलित उत्थान उपसमितको आयोजनामा दलितहरुको हक अधिकार सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले "दलित जागरण कार्यक्रम"को आयोजना गरियो। संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूको आतिथ्यतामा भएको उक्त कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुदै संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूले समुदायमा पिछडिएका दलित वर्गको आर्थिक, सामाजिक र शैक्षिक विकास गर्ने उद्देश्यले संस्थाले दलित उत्थान उपसमिति गठन गरेको र दलितहरुलाई संस्थामा आबद्ध गराउने उद्देश्यले विभिन्न छुट सुविधाहरु समेत उपलब्ध गराउँदै आएको



जानकारी दिनु हुदै दलित वर्गको हक अधिकार सम्बन्धमा जानकारी गराउनका लागि संस्थाले दलित जागरण कार्यक्रम सञ्चालन गर्दै आएको धारणा राख्नु भयो।

कार्यक्रममा नेपाल बार एशोसियएन भक्तपुरका अध्यक्ष अधिबक्ता श्री विवेकराज

बाँकी पृष्ठ ६ मा


मध्यपुर थिमि नगरपालिका-६, बाहाखा बजार, भक्तपुर
फोन नं. ९७७-०१-६६३३६४३/६६३०९२५
ई-मेल: upakarsaccos@gmail.com

# प्रकाशकीय

## बिलम्ब नगरौं

देशमा नयाँ कानून निर्माण गर्नु वा विद्यमान कानूनलाई संशोधन गरिनु कुनै नयाँ विषय होइन। यो राज्यको नियमित कार्य हो । तर कानून निर्माण र संशोधनलाई अनावश्यक विवाद र खलवाद गरी कानून निर्माण वा संशोधनमा ढिलाई गर्नु लाई स्वाभाविक मान्न सकिदैन।

नेपाल सरकारले हाल लागू सहकारी ऐनलाई हटाई नयाँ सहकारी ऐन ल्याउने तयारी गर्दै गरेको बर्षौ विति सकेको छ । विभिन्न पटक सम्बन्धित पक्षहरुसँग ऐनको बिषयमा छलफल विचार विमर्श पनि गरी सकेको छ। नयाँ ऐनको मस्यौदा कयौ पटक संशोधन र परिमार्जन पनि भएको छ। तापनि अहिलेसम्म पनि एउटा ऐन बनाउन सकेको छैन। ल्याउन लागेको सहकारी ऐन कुनै नौलो बिषय बस्तुमा आधारित ऐन पनि होइन। भई रहेको ऐनको कार्यान्वयनको सिलसिलामा देखा परेका अप्ठ्याराहरु वा समस्याहरुलाई समेट्ने गरी ऐन मस्यौदा तयार गरेको भए त्यति धेरै समय लाग्ने देखिदैन। तर समग्र सहकारीको विकासका लागि भन्दा व्यक्तिगत स्वार्थमा विशेष ध्यान केन्द्रीत भएकोले मात्र ऐन आउन ढिलाई भएको त होइन ? भन्ने प्रश्न उठ्नु अस्वभाविक होइन।

देशको सहकारी अभियानमा देखिएको समस्या तथा अव्यवस्थालाई हटाई सहकारी अभियानलाई व्यवस्थित र मर्यादीत बनाउनका लागि नयाँ ऐन आवश्यक नै हो भने अब धेरै विलम्ब नगरी विना कुनै स्वार्थ विशुद्ध सहकारी मन लिएर देशको राजनैतिक प्रणाली, वर्तमान परिस्थिति, विद्यमान सामाजिक, आर्थिक, साँस्कृतिक अवस्था तथा अन्य देशहरुमा भएका असल अभ्यासहरु र स्वीकार गरिएका सिद्धान्तहरु समेतलाई विचार गरी एउटा साझा निष्कर्षमा पुग्न अव विलम्ब नगरौं।

**सम्पादक मण्डल**

| | |
|---|---|
| संयोजक | श्री नानी छोरी बाडे |
| सदस्य | श्री सरोज घ:जु |
| सदस्य | श्री शर्मिला विश्वकर्मा |
| सदस्य | श्री रुपा श्रेष्ठ |
| सदस्य | श्री हरि बहादुर श्रेष्ठ |

**सल्लाहकार**

| | |
|---|---|
| अध्यक्ष | श्री कान्छा भक्त घ:जु |
| उपाध्यक्ष | श्री जय कृष्ण दुवाल |
| सचिव | श्री हरि कृष्ण कालु |
| कोषाध्यक्ष | श्री तुल्सी कृष्ण छुंजू |

## महिला नेतृत्व विकास तालिम

२०७३ माघ २। यस संस्थाको महिला उपसमितिको आयोजनामा संस्थाका महिला सदस्यहरुमा नेतृत्व विकास गर्ने उद्देश्यले २०७३ पौष २५ देखि माघ २ गतेसम्म प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। सात दिनसम्म आयोजना गरेको महिला नेतृत्व विकास तालिममा प्रशिक्षकद्वय श्री रानु नकर्मी र श्री विन्दु प्रजापतिले प्रशिक्षण दिनु भएको थियो । तालिमको समापनको क्रममा आयोजित कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुदै संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजुज्यूले महिलाहरु व्यक्तित्व विकास गरी आफ्नो मनमा लागेको कुराहरु निर्धक्क रुपमा व्यक्त गर्न सक्षम बनाउन संस्थाले यस प्रकारको तालिमहरुको आयोजना गरेको र यो तालिमबाट सहभागीहरुमा सकारात्मक परिवर्तन आउने विश्वास व्यक्त गर्नु भयो । तालिममा सहभागी महिलाहरुले नेतृत्व विकास तालिम राम्रो लागेको र तालिममा सिकेको कुरालाई निरन्तर रुपमा व्यवहारमा पनि प्रयोग गर्दै जाने विचार व्यक्त गरेको उक्त तालिममा संस्थाका महिला उपसमितिका पदाधिकारीहरु सहित २२ जना महिलाहरु सदस्यहरुको सहभागिता रहेको थियो।

## लघु बाल भ्रमण कार्यक्रम

२०७३ फाल्गुण २१। बिगत बर्षहरुमा जस्तै यस बर्ष पनि शिक्षा उपसमितिको आयोजनामा संस्थामा आवद्ध बाल सदस्यहरुलाई देशका विभिन्न ऐतिहासिक तथा साँस्कृतिक स्थानहरुको अवलोकन भ्रमण गराउने उद्देश्यले काठमाण्डौं जिल्लाको साँस्कृतिक एवं ऐतिहासिक नगर किर्तिपुरको अवलोकन भ्रमणको आयोजना गरियो । उक्त कार्यक्रममा बाल सदस्यहरुलाई किर्तिपुर नगरको बाघ भैरव मन्दिर तथा शिव पार्वती मन्दिरको अवलोकन गराउनुको साथै किर्तिपुर शहर तथा किर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालयको अवलोकन समेत गराइएको थियो। त्यसै गरी किर्तिपुरबाट काठमाण्डौ उपत्यको शहरि आवाशीय क्षेत्रको दृश्यावलोकन समेत गराएको थियो।

संस्थाले बाल सदस्यहरुलाई यस अघि बाडेगाउँ स्थित सन्तानेश्वर मन्दिर, श्वेत बाराही र बज्रबाराही, टोखा, छाउनी स्थित कला संग्रहालय तथा स्वयम्भू मन्दिरको अवलोकन भ्रमण गराईसकेको छ।

## ३६५ दिने काउण्टर सेवा

**कार्यालय सञ्चालन समय**

प्रत्येक दिन विहान ७ बजे देखि दिउसो २ बजे सम्म

(नगद कारोबार विहान ७ बजे देखि दिनको १:०० बजेसम्म)

**संस्था विदाको दिन**

विहान ७ बजेदेखि १० बजेसम्म

(नगद कारोबार विहान ७ बजे देखि ९:३० बजेसम्म)

**अनिवार्य मासिक बचत बुझाउने समय तालिका**

सदस्य नं. १ देखि १००० सम्मका सदस्यले प्रत्येक महिनाको १ गतेदेखि १० गतेसम्म र सदस्य नं. १००१ देखि माथि सबै सदस्यले ११ गतेदेखि १५ गतेसम्ममा मासिक बचत बुझाउनु हुन सूचित गरिन्छ।

## महिला अधिकार सम्बन्धी चेतनामुलक कार्यक्रम

२०७३ फाल्गुण २५ । संस्थाको महिला उपसमितिको आयोजनामा १०७ औं अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा विगत बर्षहरुमा झै यस बर्ष पनि मार्च ८ तारिखका दिन महिला अधिकार सम्वन्धी चेतनामुलक कार्यक्रम आयोजना गरियो । कार्यक्रममा आफ्नो मन्तव्य राख्नु हुदै संस्थाका संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार श्री कृष्ण बहादुर घजूज्यूले नारी (महिला) दिवस र महिला अधिकार सम्बन्धमा चर्चा गर्नु भयो भने संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूले महिलाहरुको आफ्नो अधिकार सम्बन्धमा सचेत गराउन संस्थाले कार्यक्रमको आयोजना गर्दै आएको विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा महिलाहरुको कानूनी अधिकारका सम्बन्धमा अधिबक्ता श्री आशा राईले प्रकाश पार्नु भयो भने सञ्चारकर्मी तथा महिला अधिकारकर्मी श्री रश्मिला प्रजापतिले वर्तमान अवस्थामा महिलाहरुको अधिकारका सम्बन्धमा प्रकाश पार्नु भएको थियो । कार्यक्रम संस्थाको महिला उपसमितिका संयोजक श्री सूर्यलक्ष्मी श्रेष्ठज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा संस्थाका ५३ जना महिला सदस्यहरुको उपस्थिति रहेको थियो ।

## संस्था र एभरेष्ट अस्पताल बीच स्वास्थ्य उपचार सेवामा छुट सम्बन्धी सम्झौता :

यस उपकार बचत तथा ऋण सहकारी संस्था लि. र काठमाण्डौं महानगरपालिका, नयाँ बानेश्वरस्थित एभरेष्ट अस्पताल बीच संस्थाका सदस्यहरुलाई स्वास्थ्य उपचार सेवामा छुट सुविधा दिने सम्बन्धी सम्झौता सम्पन्न भएको छ । सम्झौता अनुसार यस संस्थाका सदस्यहरुले एभरेष्ट अस्पतालबाट उपलब्ध गराउने स्वास्थ्य उपचार सेवाहरुमा कम्तीमा १५ प्रतिशत छुट उपलब्ध गराउने भएको छ । छुट सुविधा प्राप्त गर्नका लागि संस्थाबाट उपलब्ध गराएको सहुलिय कार्ड अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उक्त सम्झौता पत्रमा संस्थाका तर्फबाट व्यवस्थापक श्री कपिल घजू र अस्पतालका तर्फबाट अस्पताल डाइरेक्टर श्री दिपक चन्द्र बरालज्यूले हस्ताक्षर गर्नु भएको थियो । साथै यस अघि भक्तपुर नगरपालिका वडा नं. १७ सल्लाघारी स्थित डा. इवामुरा मेमोरियल अस्पताल तथा अनुसन्धान केन्द्र बीच पनि यस्तै सदस्यहरुलाई स्वास्थ्य उपचार सेवामा छुट सम्बन्धी सम्झौता भईसकेको छ ।

## निवन्ध प्रतियोगिता

२०७३ फाल्गुण ६ । ६० औं राष्ट्रिय सहकारी दिवस तथा संस्थाको २३ औं स्थापना दिवसको उपलक्ष्यमा अन्तर माध्यमिक विद्यालय स्तरिय निवन्ध प्रतियोगिताको आयोजना गरियो । "राष्ट्र निर्माणमा सहकारी संस्थाको भूमिका" विषयमा भएको निवन्ध प्रतियोगितामा संस्थाको कार्य क्षेत्र भित्रका ८ वटा माध्यमिक विद्यालयका १५ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । उक्त प्रतियोगितामा आर्दश उच्च माध्यमिक विद्यालय लायकू थिमिकी छात्रा सृष्टी भट्टराई प्रथम, एक्टीभ इग्लिस स्कुलकी छात्रा सचिना कवाडी द्वितीय, आर्दश उच्च माध्यमिक विद्यालय लायकू थिमिकी छात्रा सृजना भट्टराई तृतीय र लर्डवुद्ध इग्लिस स्कूलका छात्र सङ्ध्यूर तामाङ्ग चौथो हुनु भएको थियो । विजयी तथा सहभागी विद्यार्थीहरुलाई संस्थाको २३ औं स्थापना दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा पुरस्कार तथा प्रमाण पत्र प्रदान गरिएको थियो ।

## सहकारी अध्ययन अवलोकन भ्रमण

२०७३ चैत्र १७ । सहकारी क्षेत्रमा भएका नयाँ अनुभवहरु तथा असल अभ्यासहरुको अध्ययन र अवलोन गर्नका लागि संस्थाले बार्षिक रुपमा सहकारी अध्ययन अवलोकन भ्रमणको आयोजना गर्दै आएकोमा मिति २०७३ चैत्र १७ देखि १९ गतेसम्म ३ दिने सहकारी अध्ययन अवलोकन कार्यक्रमको आयोजना गरिएको थियो । नेपालको पश्चिमाञ्चल क्षेत्रका सहकारी संस्थाहरुको अध्ययन अवलोकन गर्ने सिलसिलामा कास्की जिल्लाको पोखरा उपमहानरपालिकाका निबृत्त कर्मचारीहरुको अगुवाइमा सञ्चालित पोखरा रोयल सहकारी संस्था लि. र उद्योगी तथा व्यापारीहरुको अगुवाईमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाको अवलोकन गरिएको थियो ।

पोखरा रोयल सहकारी संस्था कुनै अलग्गै सहकारी संस्थाको एउटा शाखाबाट अलगिएर छुट्टै संस्था भएको र हाल संस्थाले दोहोरो सदस्यता भएका सदस्यहरुलाई कुनै एउटा संस्था मात्र रोज्न आग्रह गर्दै आएको जानकारी पोखरा रोयलका व्यवस्थापक श्री मिलन ढकालले जानकारी दिनु भयो ।

उक्त सहकारी अवलोकन भ्रमणमा संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, निर्वाचन समिति, ऋण तथा शिक्षा उप-समितिका पदाधिकारीहरु, विभिन्न उप-समितिका पदाधिकारीहरु, संस्थाका कर्मचारीहरुको सहभागीता रहेको थियो ।



# जेष्ठ नागरिक धार्मिक भ्रमण

यस संस्थाको साँस्कृतिक उप समितिको आयोजनामा जेष्ठ नागरिक सदस्यहरुका लागि आयोजना गर्दै आएको जेष्ठ नागरिक सदस्य भ्रमण कार्यक्रम मिति २०७३ फाल्गुण १६ गते सोमबारका दिन भक्तपुर, काभ्रे र ललितपुर जिल्लाको सीमानमा अवस्थित आशापुरी महादेव तथा भक्तपुर जिल्लाको डोलेश्वर महादेव मन्दिरको भ्रमण गराइयो । जेष्ठ नागरिक भ्रमण कार्यक्रममा संस्थाका ६० बर्ष नाघेका १०७ जना जेष्ठ नागरिक सदस्यहरुको सहभागिता रहेको थियो ।

### व्याजदर

| क्र.सं. | बचतको प्रकार | व्याज दर |
|---|---|---|
| १. | नियमित बचत | ६.0% |
| २. | बाल बचत | ६.0% |
| ३. | ऐच्छिक (खुत्रुके) बचत | ६.0% |
| ४. | जेष्ठ नागरिक बचत | १0.0% |
| ५. | आपतकालिन बचत | ६.0% |
| ६. | बिमा बचत | ६.0% |
| ७. | दैनिक बचत | ४.0% |
| ८. | महशूल बचत | ६.0% |
| ९. | क्रमिक बचत | ६.0% |
| १0 | कम्प्युटर बचत | ६.0% |
| ११. | आ.बचत ६ महिने | ९.0% |
| १२. | आ.बचत १ बर्षे | १0.0% |

### ऋण लगानी तर्फः

| क्र.सं. | ऋणको प्रकार | व्याज दर |
|---|---|---|
| १. | खरखाँचो ऋण | ७.0% |
| २. | शैक्षिक ऋण | १२.0% |
| ३. | बैक व्यालेन्स सो ऋण | १२.0% |
| ४. | कृषि ऋण | १२.0% |
| ५. | व्यापारिक ऋण | १३.0% |
| ६. | यातायात ऋण | ९.२५% |
| ७. | आवास ऋण | १३.0% |
| ८. | बैदेशिक रोजगार ऋण | १३.0% |
| ९ | हायर पर्चेज ऋण | १३.0% |
| १0. | प्रोत्साहन ऋण | ६.0% |
| ११. | उपकार विशेष ऋण | ९.२५% |

संस्थाका उपाध्यक्ष एवं साँस्कृतिक उप समितिका संयोजक श्री जयकृष्ण दुवालले संस्थाले जेष्ठ नागरिक सदस्यहरुलाई सम्मान गर्न विभिन्न कार्यक्रमहरु आयोजना गर्दै आएको बताउनु भयो । हरेक बर्ष कुशे औंसीका दिन पुरुष जेष्ठ नागरिक सदस्यहरुलाई र मातातीर्थ औंसीका दिन महिला जेष्ठ नागरिक सदस्यहरुलाई सम्मान (मुख हेर्ने कार्यक्रम, संस्थाको स्थापना दिवस (प्रत्येक बर्ष चैत्र १२ गते) का अवसरमा ७५ बर्ष पुरा भएका जेष्ठ नागरिक सदस्यहरुको सम्मान साथै जेष्ठ नागरिक बचतमा मात्र मासिक व्याज भुक्तानीको व्यवस्था गर्दै आएको जानकारी दिनु भयो । कार्यक्रममा साँस्कृतिक उप-समिति, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरु तथा संस्थाका कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

संस्थाले बिगत बर्षमा साँगास्थित महादेवको मन्दिर र चोङ्गा गणेश (सल्लाघारी), काभ्रेको पनौति स्थित ईन्द्रेश्वर महादेव, बनेपा स्थित चण्डेश्वरी मन्दिर र नालास्थित नाला करुणामय, काभ्रेपलाञ्चोक स्थित पलाञ्चोक भगवतीको मन्दिर र नेपालथोक स्थित कुशेश्वर महादेव मन्दिर, ललितपुर लेले स्थित नयाँ मनकामना मन्दिर, काठमाण्डौ स्थित पाँचमाने तथा पुरानो गुहेश्वरी मन्दिरको भ्रमण गराई सकेको छ ।

# सहकारी शिक्षा शिविर

सदस्यहरुलाई संस्थाको विभिन्न गतिविधिहरुको जानकारी गराउने उद्देश्यले विभिन्न स्थानहरुमा सहकारी शिक्षा शिविर तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दै आएको छ । सहकारी सम्बन्धी समसामयिक गतिविधि र संस्थाले सञ्चालन गर्दै आएको गतिविधिहरुका सम्वन्धमा जानकारी प्रदान गर्न र सदस्यहरुको संस्था प्रतिको धारणा र सुझावहरु सङ्कलन गर्न शिक्षा शिविरको आयोजना गरिएको हो । संस्थाले सिचुटोल, त्वागा टोल, भासिंह हिति, दथुला क्षेत्र, महाखेल, बहानानी क्षेत्र, न्हुछे न्त्योने, विद्यालय मार्ग क्षेत्रमा शिक्षा शिविर तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो ।

# जेष्ठ महिला सदस्य सम्मान कार्यक्रम

२०७४ बैशाख १३ । विगत बर्षरुमा जस्तै यस वर्ष पनि मातातिर्थ औशीका दिन संस्थामा आवद्ध जेष्ठ महिला सदस्य सम्मान( मुख हेर्ने) कार्य सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजुको सभापतित्वमा संचालन भएको उक्त कार्यक्रममा निवर्तमान अध्यक्ष श्री कृष्ण वहादुर घजु लगायतका वक्ताहरुले मातातिर्थ औशीका दिन जेष्ठ आमाहरुको मुख हेर्ने परम्परा र महत्व सम्वन्धमा प्रकास पार्नु भएको थियो । उक्त कार्यक्रममा नेवारी परम्परा अनुसार सगुन मिठाई लगायत अन्य खाद्य सामाग्री उपहार प्रदान गरी सम्मान गरीएको थियो । उक्त कार्यक्रममा संस्थामा आवद्ध १०५ जना जेष्ठ महिला सदस्यहरुको सहभागिता रहेको थियो ।

**संस्थाको स्थापना दिवशको उपलक्ष्यमा आयोजित मध्यपुर व्यापि अन्तर माध्यमिक विद्यालय स्तरिय निवन्ध प्रतियोगितामा प्रथम पुरस्कार प्राप्त गर्न सफल निवन्ध**

# निवन्धको विषय : राष्ट्र निर्माणमा सहकारीको भूमिका

विद्यार्थीको नाम : सुश्री सृष्टी भट्टराई (कक्षा - ९)
विद्यालय : आदर्श उ.मा.वि., लायकू

सहकारी भनेको एउटा यस्तो सहकार्य हो जुन आफना सदस्यहरुको आपसी लाभका लागि सञ्चालित हुन्छ। यो एक स्वायत्त संस्था पनि हो। यो आपसी आर्थिक, सामाजिक तथा साँस्कृतिक लाभका लागि सहयोगी हुन्छ । यसमा बिना नाफाका सामुदायिक सङगठनहरु र सेवा प्रयोग गर्ने व्यक्तिहरुद्वारा व्यवस्थित व्यवसायहरु पर्दछन। सहकारीहरु सहयोग जिम्मेवारी, प्रजातान्त्रीक मान्यता, समानता, न्याय र ऐक्यबद्धताका आर्दशहरुमा आधारित हुन्छन् । सहकारी संस्थापकहरुको संस्कृतिमा, यसका सदस्यहरुले इमानदारीताको नीति शास्त्र, सामाजिक जिम्मेवारी र अरुको सेवामा यस्ता संस्थाहरु आधारित हुन्छन भनि विश्वास गर्छन्।

सहकारीताको इतिहास नेपालमा धेरै पहिले देखि नै कायम भएको देखिन्छ। ढिकुटी, पर्म तथा गुठीका स्वरुपमा सञ्चालित पूर्व सहकारीहरु तत्कालिन अवस्थामा नेपाली समाजमा प्रचलित छन्। यिनै पूर्व सहकारीहरुलाई संस्थागत रुप दिँदै सहकारी प्रणालीलाई आर्थिक तथा सामाजिक विकासका आधारका रुपमा विकास गर्ने र ग्रामीण विकासका लागि उपयुक्त र प्रभावकारी माध्यमको रुपमा सहकारी प्रणालीलाई उपयोग गर्ने अन्तर्राष्ट्रिय प्रयासलाई नेपालमा समेत आत्मसात गर्ने क्रममा विक्रम सम्वत् २०१० सालमा तत्कालिन योजना, विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको स्थापना भयो । सहकारी विभागको स्थापना पछी तत्कालिन श्री ५ को सरकारले संघ-संस्थाहरुको स्थापना र संञ्चालन सम्वन्धी कार्य गर्न वि.स. २०१३ मा कार्यकारी आदेश जारी गर्यो । उक्त आदेशले दिएको अधिकार अन्तर्गत रही वि.स. २०१३ चैत्र २० गते चितवनको वखानपुरमा नेपाल मै पहिलो पटक सहकारी संस्थाको स्थापना भयो । उक्त निर्देशिका पछि जारी भएका सङ्गठनहरुको नाम दर्ता, नियमन तथा प्रवर्द्धन हुँदै आएको छ। विश्वकै सबैभन्दा पहिलो सहकारी संस्था "रोच्डेल सोसाईटी अफ इक्विटेबल पायोनियर्स" हो। यस्का संस्थापक बेलायतका उद्योगपति रवर्ट ओवेन हुन। यस्को स्थापना सन् १८४४, २४ अक्टोवरमा बेलायतमा भएको हो।

वर्तमान सन्दर्भमा, सहकारीका ३५ लाख हिस्सेदारहरु छन । यहाँ २४ हजार प्राथमिक सङ्गठन, १५ केन्द्रीय सहकारी सङ्गठन र राष्ट्रिय सहकारी बैक छन्। विश्व विपी रुपमा लगभग १ अर्व मानिसहरु सहकारीका सदस्य छन् । सहकारीको विचार मानिसको लागि कुनै नौलो कुरा होईन। सहकारी सवै सङ्ठनको ब्रहमाण्डीय रुप हुन । आजभोली हरेक देश र देशका हरेक जनताको उपयोगमा सहकारी बास्तविक रुपमा देख्न सकिन्छ। कम लागत ऋणको सुरक्षा गर्न , वितरणकर्ता तथा कृषि र घर यासी आवश्यकताका उपकरणहरु खरिद गर्न, सिँचाई, स्वास्थ्य तथा बिमा जस्ता सेवाहरु सुरक्षित राख्न सहकारीहरु निर्माण गरिएका हुन । सहकारीले व्यक्तिको आर्थिक तथा सामाजिक विकासमा पूर्ण सम्भाव्य सहभागिता बढाउँछ। आफनो दैनिक जीवनका आवश्यकताहरु पुरा गरेर वा अन्य थुप्रै तरिकाबाट सहकारीको फाईदा लिन सकिन्छ। व्यक्तिको आर्थिक हितमा सरिक हुनु सहकारीताको मुख्य उद्देश्य हो। यसले व्यक्तिको आर्थिक हकहितको संरक्षण गर्छ । स्वेच्छिक सङ्गठन, सेवाभाव, पारस्पारिक सहयोग, लाभको वितरण जस्ता विशेषताहरुका साथ सञ्चालित सहकारीले विगत देखि नै थुप्रै लाभ प्रदान गर्दै आएको छ।

सहकारीबाट व्यक्तिहरुले नगन्य फाईदा लिन सक्छन । सहकारीले देशको आर्थिक स्तर वृद्धि गराई राष्ट्र निर्माणमा सहयोग पुऱ्याउँछ। गरिबहरुको उत्थान गर्छ । देशको कमजोर भागको विकास गर्छ । राष्ट्रको आर्थिक तथा सामाजिक विकास सन्तुलनमा राख्छ। ग्रामीण क्षेत्रमा स्रोत तथा साधनको परिचालन गर्छ। कृषि क्षेत्रको प्रगतिका लागि आवश्यक सहयोग पुऱ्याउँछ। कृषिका लागि ऋण लिन सघाउँछ। कम पूजी र लगानीमा कुनै व्यवसाय स्थापना गर्न मद्दत गर्छ । ऋणका लागि उपेक्षित कृषकहरु, कर्मचारीहरु तथा खुद्रा व्यापारीहरु लाई ऋण उपलब्ध गराउँछ । किसानहरुलाई गुणस्तरिय बीउ प्रदान गर्छ। यसका साथै माटोको उर्वरा शक्ति बढाउने र हानीकारक किराहरु मार्ने औषधी पनि उपलब्ध गराँछ। गरिवी कम गर्नुका साथै हटाउनका लागि प्रयास गर्छ । गरिब किसानहरुका लागि कम ब्याजदरमा ऋण उपलब्ध गराउँछ। मानिसको जीवनस्तर उकास्न मद्दत गर्छ । किसानहरुले यसकै माध्यमबाट विभिन्न स्रोतहरुबाट आय आर्जन गर्न पाउँछन्। किसानहरुको मोलमोलाइ शक्ति बढाई उत्पादनको राम्रो मुल्य पाउन सधाउँछ । उत्पादनको राजनैतिक हलचल तह र कृषि सामानको बजारीकरणले गर्दा पुराना सहकारी सञ्चालनको तरिकामा फरकपत आउँछ । यसले गर्दा देश निमार्णमा खटने किसानहरु तथा ग्रामीण जनसंख्याहरु ग्रामीण क्षेत्र भित्रै बसेर पनि नगर झै महशुस गर्न थाल्छन । यसो हुन गएमा ग्रामीण बस्तीबाट सहरी क्षेत्र तर्फ हुने बसाई सराई कम हुन्छ । विकास कार्य सफल पारी व्यक्तिको आय आर्जन सहकारीले गराउँछ । कृषि सहकारीको फाईदाजनक निर्माणले कृषकहरुलाई आफु पनि राष्ट्र निर्माणमा सहभागी भएको जानकारी गराई उनीहरुलाई गौरवान्वित महशुस गराउँछ । सहकारीले कैयौ बेरोजगारहरुलाई रोजगारी प्रदान गराउँदछ । बालबालिकाहरुमा बचत गर्ने सीप र भावनाको विकास गराउँछ। मानिसहरु विदेश जाने प्रवत्ति कम गर्नमा सघाउ पुऱ्याउँछ । सुखमय पारिवारीक जिवन निर्वाह गर्न ज्ञान प्रदान गर्छ । भावी जीवनका लागी पैसा जोगाउन सिकाउँछ । गाउँ गाउँमा सहकारी घर घरमा भकारी भने झै सहकारीले हरेक घरमा रकम बचतको भकारी निर्माण गराउँछ। सबै बालबच्चा देखि वद्धवस्थाका मानिसको सपना साकार पार्न मद्दत गर्छ। हरेक गाउँघरका मानिसको जीवनशैलीमा परिवर्तन ल्याउँछ। घर परिवारका सदस्यहरुको माग पुरा गर्न सहयोग गर्छ। कुनै पनि नयाँ कामको थालनी गरेर जीवनमा अघि बढन चाहे निर्धक्क रुपमा ऋणको व्यवस्था मिलाई दिन्छ। राष्ट्र भरिका सवै सहकारी संस्थाहरु विकास कार्यमा लागि परिरहेका हुन्छन्। त्यस्तै गरी हाम्रो भक्तपुर जिल्लामा पनि १०० भन्दा बढी सहकारी संस्थाहरु छन् । यहाँका उत्कृष्ट सहकारी संस्थाहरु मध्ये उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि एक हो। यसरी नै विभिन्न पक्षहरुबाट सहकारी संस्थाहरुले राष्ट्र निर्माणमा टेवा पुऱ्याईरहेको हुन्छन् । कुनै संस्थाले प्रत्यक्ष रुपमा र कुनै संस्थाले अप्रत्यक्ष रुपमा विकास निर्माणमा सहभागिता जनाएकै हुन्छन् । त्यसैले सहकारीलाई नेपालको संविधानले देश निर्माणको तीन खम्बा मध्ये एक हो भनि निर्धारण गरेको छ। यस्ता विभिन्न तरिकाबाट व्यक्तिहरुलाई सेवा प्रदान गर्नु कार्य सहकारीले नै गर्छ। प्राकृतिक विपत्तिमा समेत बैकल्पिक रुपले समस्या समाधान गर्ने कार्य यिनै सहकारी संस्थाहरुले गर्छन् । सहकारीले विकासको पूर्वाधार निर्माणमा पनि सघाउँछ । सहकारीहरु देशको चिनारीको रुपमा चिनिन थालेका छन्। तसर्थ राष्ट्रको निर्माणमा सहकारीको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ।

## २३ औं स्थापना दिवस ...

वितरण गर्नु भएको थियो। साथै सोही अवसरमा ७५ बर्ष पुगेका संस्थाका १४ जना जेष्ठ सदस्यहरुलाई दोसल्ला सहित सम्मान गरेको थियो भने स्थानीय संस्कृतिहरुको संरक्षण गर्ने उद्देश्यले संस्थाको साँस्कृतिक उपसमितिले गत २०७३ मंसिर २८ गते योमरी पूर्णिमाको अवसरमा आयोजना गरेको "योमरी प्रतियोगिता तथा प्रदर्शनी" कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र चौथो हुनु भएका प्रतियोगिहरु क्रमशः श्रीमती शारदा अवाल, श्री कान्छा काजी दुवाल, श्रीमती दिलमाया घजू र श्री विष्णु बहादुर बाडेलाई पुरस्कार तथा प्रमाण पत्र वितरण गरिएको थियो।



साथै कार्यक्रममा मिति २०७३ कार्तिक ७ गते विद्युत दुर्घटना (करेन्ट) मा परी निधन हुनु भएका सदस्य नं. ४२८ का दिल बहादुर तकोको पत्नी श्रीमती ज्ञानी माया तकोलाई विमा कम्पनीबाट प्राप्त रकम रु. १,००,०००।- (एक लाख) संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूले हस्तान्तरण गर्नु भएको थियो।

संस्थामा आवद्ध सदस्यहरु मध्ये ६० बर्ष उमेर पुरा नभएका र रु १२,५००।- वा सो भन्दा बढीको संस्थाको शेयर खरिद गर्नुहुने सदस्यहरुको संस्थाले निःशुल्क प्रिमियम बुझाई दुर्घटना विमा गर्दै आए अनुसार विमा कम्पनीले दुर्घटना विमा वापत रकम उपलब्ध गराउने गर्दछ।

संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रममा जिल्ला सहकारी संघ लि. भक्तपुरका अध्यक्ष श्री महेश श्रेष्ठ, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का सचिव हरि बल्ल लगायतका अतिथिहरुले सहकारीको महत्व, सहकारी ऐन र संस्थाले गर्दै आएको गतिविधिहरुको सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भएको थियो।

## दलित जागरण कार्यक्रम...

ढुङ्गेलज्यूले दलित अधिकार सम्वन्धमा नेपालको कानूनी व्यवस्था सम्वन्धमा जानकारी प्रदान गर्नुका साथै सहभागीहरुले राख्नु भएको जिज्ञासालाई समेत प्रष्ट पार्नु भएको थियो।


उक्त कार्यक्रममा यस संस्थाका सदस्यहरु मध्ये स्थानीय तह तथा नगर कार्यपालिकाको निर्वाचनमा निर्वाचित दलित सदस्यहरु श्री सीता विश्वकर्मा, श्री शर्मिला विश्वकर्मा, श्री सुन्तली विश्वकर्मा, श्री मन्दिरा नेपाली र श्री बिल बहादुर विश्वकर्मालाई संस्थाका अध्यक्ष श्री कान्छा भक्त घजूज्यूले टिका, खादा तथा उपहार प्रदान गरी बधाई तथा सम्मान गर्नु भएको थियो।

## ६० औं राष्ट्रिय सहकारी दिवस




२०७३ चैत्र २० । "दियो विकासको लागि सहकारी" भन्ने नाराका साथ नेपालमा राष्ट्रिय सहकारी दिवस भव्य रुपमा मनाइएको छ। यसै क्रममा जिल्ला सहकारी संघ लि., सल्लाघारी भक्तपुरको आयोजनामा भक्तपुर जिल्लाको पश्चिम भेगको मध्यपुर थिमि नगरपालिकामा प्रभातफेरी कार्यक्रमको आयोजना गरी ६० औं राष्ट्रिय सहकारी दिवस मनाइएको थियो। उक्त प्रभात फेरी कार्यक्रममा यस संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिका पदाधिकारीहरु तथा संस्थाका कर्मचारीहरुको सहभागिता रहेको थियो।

## हार्दिक श्रद्धाञ्जली




**न्हुछे वहादुर सिकेमन**
जन्म : १९९३
स्वर्गारोहण : २०७३ चैत्र २५



**कसंमान अवाल**
जन्म : २००७ माघ २५
स्वर्गारोहण : २०७४ बैशाख ४



**पञ्च नसिं वाडे**
जन्म : १९९९ भाद्र २०
स्वर्गारोहण : २०७४ जेष्ठ १७



**कुमार राना मगर**
जन्म : २०१३ असार १३
स्वर्गारोहण : २०७४ असार २८



**साहिला लामिछाने**
जन्म : २०२५ बैशाख ४
स्वर्गारोहण : २०७४ श्रावण १३



**बुद्धि बहादुर तको**
जन्म : २००७ असार १८
स्वर्गारोहण : २०७४ जेष्ठ १

यस संस्थाका माथि उल्लेखित सदस्यहरुको असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकाकुल परिवार प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**उपकार बचत तथा ऋण सहकारी संस्था लि.**
**परिवार**